संघीय संसद

राष्ट्रिय सभा

राष्ट्रिय सरोकार तथा समन्वय समिति

# दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निजगढ, बाराको स्थलगत अनुगमन प्रतिवेदन

## १. पृष्ठभूमि

सरकारलाई राष्ट्रिय सभाप्रति उत्तरदायी बनाउन राष्ट्रिय सभा नियमवाली २०७५ को नियम १४७(१) मा ४ ओटा विषयगत समितिहरु गठन गर्ने व्यवस्था छ । उपरोक्त समिति मध्ये राष्ट्रिय सरोकार तथा समन्वय समितिलाई एक महत्वपूर्ण समितिको रुपमा स्वीकारी नियमावलीले राष्ट्रिय सरोकारका विषयहरु समेटिएको महत्वपूर्ण कार्यक्षेत्र तथा संघिय संरचना अन्तर्गतका तिनै तहका तहगत राज्यहरुबिच समन्वय गर्ने विशेष जिम्मेवारी समेत प्रदान गरेको छ । सरकारका निरन्तर तथा आकस्मिक काम कारबाहीको निगरानी, अनुगमन, सुझाव तथा निर्देशनका साथै सरकारका प्रतिबद्धता र उक्त प्रतिबद्धताहरुका कार्यान्वयनको अबस्था समेत अध्ययन गरी आवश्यक निर्देशन दिनुका साथै संघ, प्रदेश तथा स्थानीय तहबिच आवश्यक समन्वय एवम् सहयोगात्मक ढंगले अगाडी बढ्ने वातावरण सिर्जना गर्दै संघीयता कार्यान्वयन एवम् संस्थागत विकासमा टेवा पुऱ्याउने दिशामा समिति निरन्तर क्रियाशिल रहदै आएको छ ।

नेपाल सरकारले राष्ट्रिय गौरवका आयोजनाको रुपमा अगाडि वढाएका राष्ट्रिय महत्वका विषयमा सञ्चालीत आयोजनाहरुलाई राष्ट्रिय सभा नियमावलीले यस समितिको कार्यक्षेत्र अन्तर्गत समेटेको छ। उपरोक्त आयोजनाहरु सम्पन्न हुँदा मुलूक विकासको नयाँ युगमा प्रवेश गर्ने तथा सम्वृद्ध नेपालको पूर्वाधारहरु निर्माण हुने तथ्यसँग पूर्णरुपमा परिचित रहँदै यस समितिले राष्ट्रिय गौरवका आयोजनाहरुलाई पहिलो प्राथमिकतामा राखी निरन्तर निगरानी, अनुगमन एवम् आवश्यक निर्देशन दिने काम गरिरहेको छ ।

राष्ट्रिय सरोकार तथा समन्वय समितिको मिति २०७५/०६/१५ को बैठकमा दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निजगढ, बाराका आयोजना प्रमुखसँग माननीय संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रीज्यू समेतको उपस्थितिमा आयोजनाको समग्र अवस्था बारे छलफल भएको थियो । देशका विभिन्न स्थानमा गरिएको सर्वेक्षण पश्चात् सम्पूर्ण दृष्टीले उपयुक्त ठहरिएको यो विमानस्थलको महत्वलाई समितिले गम्भीरतापुर्वक अध्ययन गरी विमानस्थल निर्माण कार्य अविलम्व अगाडी बढाउनु पर्ने र निर्धारित समयमै आयोजना सम्पन्न गर्न समितिले निरन्तर निगरानी एवम् निर्देशन गर्नुपर्ने निष्कर्षमा पुग्यो । सोही क्रममा समितिको मिति २०७५/०६/१६ तथा २०७५/०८/१२ को निर्णयअनुसार मिति २०७५/०८/२४ र २५ गते समितिले दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निजगढ, बाराको स्थलगत अवलोकन तथा सरोकारवालाहरुसँग छलफल एवम् अन्तरक्रिया सम्पन्न गरेको छ ।

## २. आयोजनाको संक्षिप्त परिचय

नेपाल सरकारले आर्थिक वर्ष २०७०/७१ बाट दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निजगढ, बारालाई राष्ट्रिय गौरवको आयोजनाको रुपमा अगाडी बढाएको हो । दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलका लागी प्रस्तावित ८ हजार हेक्टर क्षेत्रफलको जमिन मध्ये आयोजनाको अधिक भाग बारा जिल्लाको कोल्हवी नगरपालिका भित्र, केहि भाग जितपुर-सिमरा उपमहानगरपालिमा र केहि भाग करैयामाई गाउँपालिकामा पर्दछ । आयोजनाको सुरुवात आ.व. २०७१/७२ बाट भएको र आ.व. २०७८/७९ सम्ममा आयोजना सम्पन्न गर्ने लक्ष्यका साथ रु १२० अर्ब बजेट अनुमान गरिएको थियो ।

सन् १९९५ मा नेपाल सरकारले NEPICO/ TRAD नामक कम्पनीलाई अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागी नेपालका विभिन्न ८ स्थानमा survey को लागी पठाएकोमा विमानस्थल निर्माण हुने जग्गाको उपयुक्तता, धावनमार्गको लागी आवश्यक स्पेश, एयर रुट, एयर स्पेश, वन्यजन्तु संरक्षित क्षेत्रसँगको दुरी, देशका प्रमुख शहरहरुसँगको दुरी, जग्गाको मुआब्जा वापत भुक्तान गर्नुपर्ने मुल्य, जनघनत्व, लगायतका निषेध पक्षको मुल्याङ्कन गरी सम्पूर्ण दृष्टिले उपयुक्त स्थानको रुपमा बारा स्थित हालको निर्माणाधिन दोस्रो अन्तर्राष्ट्रिय विमानस्थललाई सिफारिस गरेको थियो ।

निजीक्षेत्रको लगानीमा Boot Model मा निर्माण गरिने यस विमानस्थलका Detail feasibility study संस्कृति पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयसँगको सम्झौता बमोजिम Land Mark Worldwide (CMW) ले गरेको र LMW ले २०११ अगष्टमा मन्त्रालयमा प्रतिवेदन पेश गरेको थियो ।

Zero visibility मा समेत विमान उडान एवम् अवतरण गर्न सक्ने गरी डिजाइन गरिएको यस विमानस्थलबाट वार्षिक ६ करोड यात्रु आवतजावत गर्न सक्ने र यसले नेपालको पर्यटन उधोगको विकासमा ठूलो योगदान पुग्ने आयोजनाको अपेक्षा रहेको छ ।

काठमाडौं तराई - मधेश द्रुत मार्ग (Fast Track) सँग जोडिए पश्चात् करिब डेड घण्टाको दुरीमा राजधानी काठमाडौं आईपुग्न सकिने, लामो दुरीको उडान भर्ने ठुला जहाजहरुबाट संसारका महत्वपूर्ण स्थानहरुमा सिधै हवाई सम्पर्क विस्तार गर्न मिल्ने, यस विमानस्थबाट उडेने तथा अवतरणहुने जहाजहरुकालागि नेपालकै आकाशमा पर्याप्त Air space प्राप्त हुने, प्रदेश नं २ को सम्वृद्धिका लागी आर्थिक आधार बन्ने जस्ता कारण यस विमानस्थलको निर्माण अबिलम्व सम्पन्न होस् भन्ने आम नेपालि नागरिकको चाहना रहेको छ ।

## ३. स्थलगत अनुगमनको आवश्यकता

राष्ट्रिय गौरवको आयोजना दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निजगढ, बाराको आयोजनाको सुरुवात २०७१ साल देखि भएतापनि हालसम्म आयोजनाले अपेक्षाकृत रुपमा गति लिन सकेको अवस्था छैन । आयोजनको DPR नै नभएको EIA रिपोर्टमा गम्भिर त्रुटी रहेको, बस्ती स्थानान्तरण ठूलो चुनौतिको रुपमा रहेको, एयरपोर्टको नाममा घना जंगलको विनास गर्न लागिएको भन्ने जस्ता विभिन्न समस्याहरु दिनानुदिन आईरहेको र केहि क्षेत्रबाट आयोजनाको विकल्पमा समेत वहस सुरु गर्न लागेको सन्दर्भमा नेपालको पर्यटन उधोगको विकास मात्र नभई आर्थिक विकासमा समेत महत्वपूर्ण पूर्वाधारको रुपमा नेपाल सरकारले अगाडी बढाएको राष्ट्रिय गौरवको आयोजनाको विद्यमान अवस्था आयोजना स्तरवाटै अध्ययन गर्न, सरोकारवालाहरुका राय बुझ्न आयोजनास्थलको अवलोकन गर्न तथा सञ्चार माध्यमबाट आएका विभिन्न समाचारहरुवारे आयोजना स्थलमै पुगी सम्वद्ध पक्षहरुसँग छलफल एवम् अन्तरक्रिया गरी यथार्थ अवस्था पत्ता लगाउन र आयोजनालाई निर्धारित समयमै सम्पन्न गर्न आयोजना सञ्चालनसँग सम्बन्धित समस्याहरु समाधानका लागि सरकार तथा आयोजनालाई आवश्यक निर्देशन दिने उद्देश्यले समितिले आयोजनाको स्थलगत अवलोकन एवम् सरोकारवालाहरुसँग स्थानीय स्तरमा अन्तरक्रिया गर्ने निर्णय गरेको थियो । आयोजना सम्वन्धमा विभिन्न पक्षबाट यथार्थतालाई तोडमोड गरी प्रचार गर्दै भ्रम फैलाउने र आयोजनालाई असफल पारी विमानस्थल बन्न नदिने चलखेल भईरहेको समेत स्थानीय स्तरबाट गुनासो आउन थाले पश्चात् आयोजना स्थल तथा आयोजना प्रभावित क्षेत्रको अनुगमन एवम् सरोकारवालासँग छलफल गरी यथार्थ अवस्था बारे सदनमा प्रतिवेदन पेश गर्न र आयोजनालाई अबिलम्व अगाडी बढाउन सरकारलाई आवश्यक निर्देशन दिनुपर्ने जिम्मेवारी राष्ट्रिय सरोकार तथा समन्वय समितिको रहेकोले उक्त जिम्मेवारी पूरा गर्न समेत समितिको स्थलगत अनुगमन अत्यावश्यक थियो ।

## ४. आयोजनाको वर्तमन अवस्था




स्रोत: निजगढ अन्तर्राष्ट्रिय विमानस्थल कार्यालय ।

समितिको स्थलगत अवलोकन, अन्तरक्रिया तथा आयोजना सम्बन्धि कागजातहरुको अध्ययन पश्चात् आयोजनाको वर्तमान अवस्था देहायबमोजिम पाइयो ।

- आयोजनाको Detail feasibility study सम्पन्न भईसकेको ।
- आयोजनाको EIA Report (वातावरणीय प्रभाव सम्वन्धी अध्ययन प्रतिवेदन) स्वीकृत भएको ।
- वि.सं. २०७१ बाट सञ्चालीत यस आयोजनाको DPR भने हालसम्म पनि तयार नभएको ।
- विमानस्थल निर्माण क्षेत्रको चार किल्ला DGPS प्रविधिबाट Locate गरिएको ।
- पूर्व, पश्चिम र दक्षिण सिमानामा ५०-५० मिटरमा Concrete pillar वनाईएको ।
- जग्गा अधिग्रहण तथा मुआब्जा वितरण कार्य सुरु भईसकेको ।
- कोल्हवी न.पा.मा पर्ने वडा नं. ८ का काठ गाउँ बस्तीका ११२ विगाहा जग्गामध्ये ५८ विगाहा जग्गाको मुआब्जा वितरण भएको र ५४ विगाहा जग्गाको मुआब्जाका लिन आउनकालागि सूचना निकालीएको जसमध्ये सबै घरधनीबाट हकदाबीको निवेदन प्राप्त हुन नसकेकोले बाँकी रहेकालाई मुआब्जा दिने प्रक्रियामा रहेको ।
- मुआव्जा वितरण भईसकेको जग्गा नेपाल नागरिक उड्डयन प्राधिकरणको नाममा नामसारी भएको ।
- आयोजनाको मुख्य धावनमार्गमा अवस्थित कोल्हवी न.पा.मा पर्ने वडा नं. ८ का टाँगिया बस्तीका १४७६ घरधुरीका बासिन्दाको स्थानान्तरणको लागि आयोजनाको तर्फबाट दुईओटा बैकल्पीक स्थानको अध्ययन भएको (पहिलो जितपुर-सिमरा उपमहानगरपालिका वडा नं. ४, पिलुवा, बारामा बुट्टयान क्षेत्र रहेको करिब ३७० हेक्टर जग्गा र दोस्रो कोल्हवी नगरपालिकाको वडा नं. २, ३ र ४ मा बुट्टयान क्षेत्र र खाली जग्गा (चरण क्षेत्र) रहेको सार्वजनिक जग्गा)
- विमानस्थल निर्माण क्षेत्रको पश्चिमी सिमाना पसाहा खोलामा ८०३ मिटर सम्म नदी कटान नियन्त्रण कार्य सम्पन्न भएको ।
- विमानस्थल निर्माण क्षेत्रको दक्षिणी सिमानामा तारबार लगाउने कार्य भइरहेको ।
- आयोजनाको विस्तृत परियोजना प्रतिवेदन DPR तथा Master Plan तयार पार्नको लागि अन्तर्राष्ट्रिय स्तरको ६ वटा परामर्शदाताको आशय पत्र स्वीकृत भई Request for Proposal (RFP) प्रस्ताव मूल्याङ्कनको क्रममा रहेको आयोजनाले जनाकारी दिएको ।
- मिति २०७३।११।२५ मा मन्त्रिपरिषद्ले पहुँच मार्ग, पेरिफेरी सडक निर्माण र रुख कटान सम्बन्धी कार्य नेपालि सेनालाई जिम्मा दिने निर्णय गरेको र नेपालि सेना संग मिति २०७४।५।१९ MOU मा हस्ताक्षर भएको ।
- पेरिमिटर सडक तथा फेन्सिङ्ग निर्माणको लागि कटान गर्नुपर्ने ४२३२ रुख विरुवाको लगत मिति २०७४।३।१० मा जिल्ला वन कार्यालयमा पठाएको ।
- विमानस्थलको धावन मार्गको अवस्थितिका लागि आवश्यक पर्ने वाइन्ड डाटा संकलन गर्न वाइन्ड लगर जडान गरिएको ।
- आयोजना निर्माण कार्य अविलम्ब अगाडि बढाउनुपर्नेमा सरोकारवाला सबै एकमत रहेको । स्थानिय स्तरबाटै आयोजनाप्रति अपनत्वको भावना सृजना भर्य स्थानिय बासिन्दाहरु आयोजना नर्माण्को ऋममा जस्तोसुकै त्याग तथा सहयोग गर्न तत्पर रहेको ।

## ५. समितिको स्थालगत अनुगमन, अन्तरक्रिया तथा सुझाव संकलन

आयोजनाको स्थलगत अनुगमन तथा सरोकारवालाहरु सँग छलफल गर्ने ऋममा समितिले आयोजनाको साईट अफिसमा आयोजना प्रमुख तथा आयोजनाको अन्य कर्मचारीहरुसँग छलफल गर्नुका साथै आयोजनास्थलको अवलोकन, टाँगिया बस्तीका वासिन्दाहरुसँग अन्तरक्रिया, जंगल नदि लगायत आयोजना भित्र पर्ने बस्तीहरुको समेत अवलोकन गरेको थियो । आयोजनाको सम्बन्धमा स्थानीय सरोकार समिति, टाँगिया बस्तीका प्रतिनिधी,

जितपुर सिमरा उ.मा.न.पा., कोल्हवी नगरपालिका, निजगढ नगरपालिका, गडिमाई नगरपालिका, करैयामाई गाउंपालिका लगायत स्थानीय तहका प्रमुख तथा उपप्रमुख, उक्त क्षेत्रका प्रदेश सभा सदस्य एवम् अन्य सरोकारवालासँग विस्तृत रुपमा छलफल एवम् अन्तरक्रिया गरेको थियो । उपरोक्त कार्यक्रमहरु तथा ती कार्यक्रममा प्राप्त सुझाव एवम् प्रतिक्रिया तल उल्लेख गरिएको छ ।

## ५.१ आयोजना प्रमुख तथा आयोजनाका पदाधिकारीहरुसंगको अन्तरक्रिया कार्यक्रम

समितिको टोली सिमरा पुगेलगतै दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निजगढ बाराको साईट अफिसमा पुगी आयोजनाको समग्र पक्ष बारे जानकारी लिएको थियो । सो क्रममा आयोजना प्रमुखले समिति समक्षा आयोजना सम्बन्धी विस्तृत विवरण प्रस्तुत गर्दै आयोजनाको प्रगति आयोजनाको कार्यान्वयनका क्रममा भोग्नुपारेका समस्या तथा चुनौति र आयोजनाको तर्फबाट समस्या समाधानका लागी भएका प्रयासहरु समेत उल्लेख गरेका थिए । जसका मुख्य मुख्य बुदा देहाय बमोजिम रहेका छन् ।

- आयोजनाको DPR (डी.पी.आर.) ६ महिना भित्र तयार पार्न सकिने ।
- बाहिर समाचार आए जस्तो वन विनास हुने अवस्था नरहेको ।
- LWM को रिपोर्ट बमोजिमको Aiport City उपयुक्त नभएको Aiport City नजिकका न.पा. लाई जिम्मा दिए रुख कटान पनि कम हुने र आयोजनाको लागत तथा निर्माण अवधि समेत घट्ने ।
- हाल छुट्टाईएको ८००० हेक्टर जमिन अरुले प्रयोग गर्न नसक्नेगरी आयोजनाकै नाममा राख्नुपर्ने र रुखहरु आवश्यकता अनुसार मात्र कटान गरे पुग्ने ।
- साल र सतिसालका रुख न्यून संख्यामा रहेका तर स-साना पोथ्रा तथा बुट्यानहरुले रुखको संख्या अधिक देखिएको ।
- त्यस्ता पोथ्रा तथा बुट्यान एवम् अन्य रुखहरुकटान गरे पनि विमानस्थल वरपरका क्षेत्रमा वृक्षारोपण गरि करिव ४/५ वर्षमा Greenary बढाउन सकिने ।
- ठूला र महत्वपूर्ण रुखहरु नयाँ प्रविधिको प्रयोग गरी उखेलेर अर्को ठाउँमा सार्न सकिने ।
- टाँगिया बस्तीको स्थानान्तरणकालागी आयोजनाले दुई स्थान सिफारिस गरिसकेको ।
- थारु बस्ती रहेको काठ गाँउमा रहेका ४२० घरधुरीको ११२ विगाह जग्गा मध्ये ५८ विगाहाको मुआब्जा वितरण भैसकेको र बाँकीका लागी समेत मुआब्जा लिन आउन सूचना निकाली सकिएको ।
- विमानस्थलको कुल ८००० हेक्टर जमिनको वरपर सिमाङ्कन गरी सकिएको ।
- नदि नियन्त्रण गरिएको ।
- पेरिमिटरको सडकको लागी रुख कटान सुरु हुन थालेको ।
- आयोजनाको काम उत्साहजनक ढंगले अगाडी बढेको ।

## ५.२ समग्र आयोजनास्थलको अवलोकन

आयोजनको साईट अफिसमा भएको अन्तरक्रिया कार्यक्रम पश्चात समितिको स्थलगत अनुगमन टोली आयोजनाका पदाधिकारीहरु समेत आयोजना स्थलको अवलोकनको लागी गरेको थियो । सो क्रममा देखिएका तथ्यहरु निम्नानुसार रहेका छन् ।

- आयोजना स्थल वरपर सिमाङ्कन गर्ने काम भएको ।
- नदी नियन्त्रणको काम भईरहेको ।

- प्रचार गरिएजस्तो ठुला र लोपोन्मुख जंगली जनावर निरन्तर ओहोरदोहोर गर्ने बाटोको रुपमा आयोजनास्थल नदेखिएको तथापी बन क्षेत्र भएकोले आयोजनास्थल भित्र समेत जंगली जनावरको बासस्थान रहने ।
- EIA Report मा भनिएझै साल र सतिसालका रुखहरुको सँख्या अधिक नदेखिएको, सजिवन, टुनी, धुपी जस्ता विभिन्न बुट्यान पोथ्रा तथा नयाँ रुखहरुको संख्या अधिक रहेको ।
- ठूला र महत्वपूर्ण रुखहरु तत्काल काट्नुपर्ने संख्या कम रहेको र टांगिया बस्ती स्थानान्तर गरी आयोजनाको काम सुरु गरे पश्चात् आवश्यकता अनुसार मात्रै रुख कटानी गर्दै जान सकिने अवस्था रहेको ।
- विमानस्थलको आगि छुट्टाईएको ८,००० हेक्टर जमिनभित्रै Airport City नबनाँदा ठूला र महत्वपूर्ण रुखहरु काटीनबाट जोगिने र सो जमिन आयोजनाको अन्य महत्वपूर्ण कामको लागि उपलव्ध हुने ।
- Airport City बनाउनुको सट्टा विमानस्थल वरपरका नगरपालिका तथा गाउँपालिकाहरुलाई व्यवस्थीत एवम् आधुनीक ढङ्गले शहर बसाउन लगाएमा विमानस्थलभित्रै Airport City पनि आवश्यक नहुने र स्थानिय बासिन्दाले समेत विमानस्थलको लाभ प्राप्त गर्न सक्ने देखिन्छ ।
- आयोजनाको डिजाइन अनुसारको एयरपोर्ट निर्माणको लागी उपयुक्त स्थान छनौट गरिएको दखियो ।

## ५.३ टाँगिया बस्तीका वासिन्दाहरुसँगको अन्तरक्रिया

समितिले दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको क्रममा स्थानान्तरण गर्नुपर्ने सुकुमवासी बस्ती (टाँगिय बस्ती) मा पुगी त्यहाँका वासिन्दाहरुसँग अन्तरक्रिया गरेको थियो । सो क्रममा निम्नानुसार विवरण तथा सुझावहरु प्राप्त भयो ।

- नेपाल सरकारले योजनावद्ध ढंगले वृक्षारोपण गर्न वि.सं २०२८ मा ५ वर्षका लागि बसाएको सुकुसमबासी बस्ती नै हालको टाँगिया बस्ती हो । पाँच वर्ष भित्र वृक्षरोपण गरी विरुवा हुर्काउने र अन्य खाली स्थानमा वृक्षारोपण गर्न सो बस्ती अन्यत्र लैजाने सरकारको योजना थियो ।
- सो बस्तीका बासिन्दाहरुकालागी सरकारले जिविकोपार्जनका लागी केहि कृषीयोग्य जमिन समेत उपलब्ध गराएको थियो ।
- वि.सं. २०२८ मा २८०/२९० घर परिवार मात्र रहेकोमा हाल सो बस्तीमा १४७६ परिवार पुगीसकेका छन् ।
- बस्ती कोल्हवी नगरपालिकामा पर्दछ तर त्यहाँका वासिन्दाको नामावली जितपुर-सिमरा उपमहानगरपालिको भोटर लिस्टमा रहेको छ ।
- दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्यलाई सहयोग गर्न बस्तीका बासिन्दाहरु स्थानान्तरण हुन तयार रहेका ।
- बस्ती स्थानान्तरण गर्दा विमानस्थलबाट सृजना हुने रोजगारीका अवसर तथा अन्य सुविधा उपभोग गर्न पाउने गरी विमानस्थलको ३/४ कि.मी. वरपरको कुनै उपयुक्त स्थानमा स्थानान्तरण गरिदिनु पर्ने, घर गोठको स्थानान्तरण सरकारले गरी दिनुपर्ने, जिविकोपार्जनकालागि कृषी मात्र निर्विकल्प आधार रहेकोले प्रतिपरिवार २ विगाहा ५ कट्ठा जमिन उपलब्ध गराउनुपर्ने र उक्त जग्गाको जग्गा धनी प्रमाण पुर्जा समेत उपलब्ध गराउनुपर्ने, स्थानान्तरण भएका व्यक्तिहरुलाई सोको परिचयपत्र उपलब्ध गराउनुपर्ने र बस्ती स्थानान्तरण पश्चात् एक डेड बर्षकालागि खाद्यान्नको व्यवस्था सरकारले गरी दिनुपर्ने टाँगिया बस्तीका वासिन्दाहरुको माग रहेको ।

## ५.४ आयोजनासंग सम्बन्धित स्थानीय तहका पदाधिकारीहरु, स्थानीय सरोकार समिति तथा स्थानीय बासिन्दाहरुसँगको अन्तरक्रिया

दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निजगढ, बाराको लागी निर्धारीत ८००० हेक्टर जमिन पर्ने जितपुर-सिमरा उ.मा.न.पा., कलैया उ.मा.न.पा., कोल्हवी नगरपालिका र करैयामाई गाँउपालिका तथा आयोजनासँग जोडिएको महागढीमाई नगरपालिका लगायतका स्थानीय तहका पदाधिकारी तथा स्थानीय सरोकार समिति, टाँगिया बस्तीका प्रतिनिधीहरुसँग कोल्हवी नगरपालिकाको भवनमा समितिले उक्त स्थानका प्रदेश सभा सदस्यसमेतको उपस्थितिमा अन्तरक्रिया गरेको थियो । सो क्रममा उठेका विषयहरुको सार संक्षेप देहायवमोजिम रहेको छ ।

- प्रदेश नं. २ को गौरवको रुपमा विमानस्थल लाई लिईएको ।
- निर्धारित समयमै निर्धारित स्थानमै आयोजना सम्पन्न हुनुपर्ने कुरामा सबै एकमत रहेको ।
- विभिन्न वाहनाले विमानस्थल निर्माणको कार्य ढिलाई गर्न खोजिएको अवस्थामा त्यस्ता हल्लाहरुको पछाडी नलागी विमानस्थल निर्माणको कार्य अबिलम्व अगाडी बढाई निर्धारित समयमै निर्माण गरिसक्नु पर्ने ।
- LMW को report मा भनिएको Airport city आयोजना स्थलभित्रै निर्माण गर्नु आवश्यक नरहेको ।
- स्थानीय वासिन्दाहरुको लागि विमानस्थलमा रोजगारीको विशेष अवसर उपलब्ध गराउनुपर्ने ।
- जलस्रोत संरक्षण र सिंचाई तथा जरुवा व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने ।
- विमानस्थल निर्माणमा केन्द्रीय स्तरमा सवै राजनैतिक दल एकमत हुनुपर्ने कुनै बाहनामा आयोजना रोक्न नहुने ।
- आयोजना सञ्चालनको क्रममा स्थानीय तथा केन्द्रीय स्तरमा समन्वयको पक्षमा विशेष ध्यान दिनुपर्ने ।
- बस्ती स्थानान्तरण गर्दा मानवीय पक्षको विचार गरी उचित क्षतिपुर्ती, मुआब्जा र अन्य सुविधा प्रदान गर्नुपर्ने ।
- रुख कटान गरी सकेर मात्र विमानस्थल निर्माणकार्य सुरु गर्ने नभई आवश्यकता अनुसार रुख काटदै साईट क्लियर गर्दै विमानस्थल निर्माण कार्य अगाडी बढाउनु पर्ने र अनावश्यक रुपमा जंगल फँडानी गर्न नहुने ।
- कुनै पनि वाहानामा कुनैपनि पक्षबाट विमानस्थल निर्माणको कार्यमा गत्यावरोध ल्याउन खेजीएमा स्थानीय बासिन्दाहरुलाई सो कुरा सह्य नहुने ।

## ६. समितिको निष्कर्ष सुझाव तथा निर्देशनहरु

दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निजगढ, बारा देशको पर्यटन प्रवर्द्धन र आर्थिक विकासका लागि मात्र नभई अन्तर्राष्ट्रिय स्तरमा राष्ट्रको पहिचान एवम् गौरव बढाउन समेत महत्वपूर्ण योगदान गर्ने आयोजना हो । विस्तृत अध्ययन अनुसन्धान पश्चात् सम्पूर्ण दृष्टिले उपयुक्त ठहऱ्याईएको आयोजना स्थलको सम्बन्धमा पुनः बहस पैरवीको आवश्यकता छैन । राज्यको सम्वृद्धीका लागि यो विमानस्थल काशेढुङ्गा सावित हुन सक्छ । यसर्थ विमानस्थल निर्माणको क्रममा आउनसक्ने समस्या सम्बन्धमा सजग एवम् सचेत रहँदै कुनैपनि वाहनामा विमानस्थल निर्माण कार्यलाई गत्यावरोध हुन नदिई निर्धारित समयभित्रै विमानस्थल निर्माण गरिसक्नुपर्छ भन्ने समितिको निष्कर्ष रहेको छ ।

विमानस्थलकोलागी सिमाङ्कन गरिएको क्षेत्रमा रहेका टाँगिया बस्ती, काठगाउँ लगायतका बस्तीका बासिन्दा विमानस्थल निर्माणलाई सहयोग गर्ने उद्देश्यले तत्कालै स्थानान्तरण हुन तयार रहेको पाईयो । विमानस्थल निर्माणमा स्थानीय सरोकारवालाहरु सबै एकमत छन् र आयोजना यथाशीघ्र सम्पन्न होस् भन्ने चाहन्छन् । कटान गर्नुपर्ने रुखहरुको सँख्या र रुखका प्रजातिको सम्बन्धमा देखाईएको तथ्यांक वास्तविक रुखको गणना गरी

निकालिएको  नभई कुनै एक स्थानको नमूना सर्वेक्षण गरी तयार  गरिएको तथ्यांक हो । स्थलगत अनुगमनको क्रममा आयोजनाको क्षेत्रको जंगलमा पोथ्रा, बुट्यान र साना तथा कम उमेरका रुखहरुको सँख्या अत्याधिक देखियो । तर साना साल र सतिसालका रुखहरुको सँख्या न्यून छ भने अन्य रुखहरु विमानस्थल नजिकै खाली रहेका सार्वजनिक जग्गामा वृक्षारोपण गरेमा चार पाँच वर्ष भित्रमा पुनः हरियाली बढाउन सकिने देखिन्छ । साथै विमानस्थल निर्माण पश्चात् सिंचाई एवम् जरुवा व्यवस्थापन वैकल्पिक स्रोतको खोजी एवम् चुरे क्षेत्रको संरक्षणमा समेत सम्बन्धित सबै पक्ष र सरोकारवालाहरु सजग रहनु आवश्यक छ ।

दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निजगढको वारेमा विस्तृत अध्ययन, स्थलगत अवलोकन तथा सरोकारवाला पक्षहरुसँगको छलफल पश्चात समितिले आयोजना सम्बन्धमा देहायबमोजिम निर्देशन दिएको छ ।

- आयोजनाको DPR तयार गरी चालु आ.व.भित्र स्वीकृत गरिसक्न आयोजना तथा संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयलाई निर्देशन दिने ।
- विमानस्थलको मुख्य धावनमार्गको रुपमा रहने टाँगिया बस्तीको स्थानान्तरणको लागी तत्काल उपयुक्त स्थानको टुङ्गो लगाउन, टाँगिया बस्ती, काठगाउँ लगायतका बस्तीका वासिन्दाहरुलाई उपयुक्त स्थानमा स्थानान्तरण गरी बस्ती व्यवस्थापनको कार्य अगाडि बढाउन आयोजना तथा संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयलाई निर्देशन दिने ।
- आयेजनास्थल भित्रका बस्ती स्थानान्तरण गरेपश्चात् विमानस्थलकालागी आवश्यक पूर्वाधारहरु निर्माणकालगि आवश्यक स्थानका रुखहरु मात्र कटान गरी विमानस्थल निर्माण कार्य अबिलम्व अगाडी बढाउन र रुख काटिए वापत रोपिने नयाँ विरुवाको सम्बन्धमा समेत योजना पेश गर्न अयोजना तथा संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयलाई निर्देशन दिने । साथै रुख कटानको लागि आयोजनालाई तत्काल सहमति दिन वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।
- विमानस्थल निर्माण पश्चात् तल्लो तटीय क्षेत्रमा सिंचाई तथा जरुवा ब्यवस्थापनमा उत्पन्न हुनसक्ने समस्याको आंकलन गरी सिंचाईको वैकल्पीक स्रोतको व्यवस्था गर्न र आयोजनाको निर्माणको क्रममा चुरे क्षेत्रको संरक्षणमा समेत सजग रहन अयोजना तथा संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयलाई निर्देशन दिने ।
- विमानस्थल निर्माण भएपश्चात् सृजना हुने रोजगारीका अवसरमा आयोजनाबाट विस्थापित हुने व्यक्तिहरु र स्थानीय वासिन्दाहरुलाई विशेष प्राथमिकता दिने व्यवस्था गर्न अयोजना तथा संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयलाई निर्देशन दिने ।
- विमानस्थल वरपरका नगरपालिका तथा गाउँपालिकाहरुलाई व्यवस्थीत एवम् आधुनिक ढङ्गले शहर बसाउन लगाएमा Airport City को आवश्यकता नहुने र अनावश्यक रुपमा रुख कटान समेत नहुने हुँदा हाल Airport City को लागि छुट्टाईएको जग्गा आयोजनाको नाममै सुरक्षित राखी सो जग्गा आयोजनाको आवश्यकता अनुसार प्रायोग गर्न सक्ने व्यवस्था मिलाउन अयोजना तथा संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयलाई निर्देशन दिने ।